म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २९० शनिबार, २३ जेठ २०८३ ने. सं. ११४६ अनलागा 6 June 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## संघीय सांसद बजेट मागन प्रदेशमा

हेटौंडा, २२ जेठ/संघीय संसद्का सांसद एवम् अर्थसमितिका सभापति डा. कृष्णहरि बुढाथोकी नेतृत्वको टोलीले बागमती प्रदेश सरकारसमक्ष बजेट मागे गरेको छ । रामेछापबाट प्रत्यक्ष निर्वाचित सांसद बुढाथोकी बजेट माग गर्दै शुक्रबार हेटौंडा पुगेका हुन् । सभापति बुढाथोकीले बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङलाई भेटेर रामेछापका विभिन्न खानेपानी लगायत आयोजनाका लागि बजेट माग गरेका हुन् । सांसद बुढाथोकीले सामाजिक सञ्जालमा फेसबुकमा स्ट्याटस लेख्दै आर्थिक मामिला मन्त्री तामाङलाई रामेछापका विकासका आयोजनाको सूची बुझाएको उल्लेख गरेका छन् । उनले बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटा र स्वास्थ्य मन्त्री किरण थापामगरलाई भेटेर योजना बुझाएका छन् । बुढाथोकीले प्रदेशका मन्त्रीहरुसँगको भेटगर्दै रामेछाप जिल्ला विकासमा पछि परेकोले योजना छनोट र बजेट विनियोजनमा प्राथमिकतामा राख्न आग्रह गरिएको बताए । आगामी आर्थिक वर्ष २०८२/८३ का लागि बागमती प्रदेश सरकार बजेट ल्याउने अन्तिम तयारीमा छ । गत फागुन २१ गते भएको प्रतिनिधिसभा निर्वाचनमा बुढाथोकी रास्वपाबाट निर्वाचित सांसद हुन् ।

### मुख्यमन्त्री बानियाँको आक्रोश-'देशको प्रमुख समस्या कर्मचारीतन्त्र'

# बागमती मिडिया सम्मेलन सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले देशमा नीति तथा कार्यक्रम कार्यान्वयन नहुनुको प्रमुख कारण निजामती कर्मचारीतन्त्र रहेको बताउँदै कर्मचारी संयन्त्रमाथि कडा असन्तुष्टि व्यक्त गरेका छन् ।



नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको आयोजनामा हेटौंडामा शुक्रबारदेखि सुरु भएको बागमती मिडिया सम्मेलन उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले राजनीतिक नेतृत्वमा कमजोरी रहेपनि राज्यका निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी बोकेको कर्मचारी संयन्त्रकै कारण धेरै योजना अलपत्र पर्ने गरेको टिप्पणी गरे । मुख्यमन्त्री बानियाँले देशमा देखिएका अधिकांश प्रशासनिक समस्या र सेवाप्रवाहमा हुने ढिलासुस्तीको मुख्य कारण कर्मचारीतन्त्र भएको दाबी गरे । उनलेसंघीय सरकारदेखि प्रदेश सरकारसम्मका निर्णयहरु कार्यान्वयनका क्रममा कर्मचारीबाट अपेक्षित सहयोग नपाइएको गुनासो गर्दै प्रधानमन्त्री बालेन्द्र शाहले दिएका निर्देशनसमेत कार्यान्वयन नभएको उदाहरण प्रस्तुत गरे ।

उनकाअनुसार पाँचजना मुख्यमन्त्रीको उपस्थितिमा प्रधानमन्त्रीले सरकारी विज्ञापन निजी सञ्चार माध्यमलाई समेत उपलब्ध गराउने गरी आवश्यक परिपत्र जारी गर्न निर्देशन दिएका थिए तर, यो निर्देशन दिइएको लामो समय बितिसक्दा पनि प्रदेश सरकारले सम्बन्धित परिपत्र प्राप्त गर्न नसकेको उनले बताए । 'नीति बनाउने काम राजनीतिक नेतृत्वले गर्छ तर, त्यसलाई कार्यान्वयन गर्ने निकायले जिम्मेवारी नलिँदा जनताले अपेक्षित सेवा पाउन सकेका छैनन्,' उनले भने ।

मुख्यमन्त्री बानियाँले संघीय सरकारबाट आवश्यक परिपत्र नआउँदा प्रदेशसभा सदस्यका स्वकीय सचिव तथा सहयोगीहरुले समेत कानुनअनुसार पाउनुपर्ने सुविधा प्राप्त गर्न नसकेको उल्लेख गरे । संघीय संरचनाको जटिलता र प्रशासनिक ढिलासुस्तीले प्रदेश सरकारको कार्यक्षमता प्रभावित भएको उनको भनाइ थियो । मुख्यमन्त्री बानियाँले प्रदेश सरकारले सञ्चार क्षेत्रलाई कमजोर बनाउने उद्देश्यले विज्ञापन रोकेको भन्ने आरोप अस्वीकार गर्दै विज्ञापन प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन खोजिएको स्पष्ट पारे । सञ्चारक्षेत्र लोकतन्त्रको महत्वपूर्ण आधारस्तम्भ भएको उल्लेख गर्दै पत्रकारितामा पनि जिम्मेवारी, तथ्यपरकता र व्यावसायिकता आवश्यक रहेको उनले बताए ।

मुख्यमन्त्री बानियाँले पछिल्लो समय केही सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत् आधारहीन तथा तथ्यहीन सामग्री प्रकाशित हुने प्रवृत्ति बढ्दै गएको भन्दै त्यसले जनप्रतिनिधि, सार्वजनिक पदाधिकारी र संस्थाको प्रतिष्ठामाथि असर पुर्‍याइरहेको धारणा राखे । पत्रकारिताको नाममा कसैको चरित्र हत्या गर्ने, अपुष्ट सूचना सम्प्रेषण गर्ने तथा भ्रम फैलाउने कार्य स्वीकार्य नहुने उनले स्पष्ट पारे । 'खोजमूलक पत्रकारिता हुनुपर्छ तर, त्यो सत्य र प्रमाणमा आधारित हुनुपर्छ,' उनले भने, 'गलत गर्ने जोसुकै भएपनि कारबाही हुनुपर्छ । लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रता महत्वपूर्ण हो, तर त्यसको दुरुपयोग हुनुहुँदैन ।'

उनले बिनाआधार र तथ्यहीन समाचार प्रकाशन तथा प्रसारण गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउनुपर्ने आवश्यकता औँल्याउँदै वर्तमान कानुनलाई समयानुकूल परिमार्जन गर्नुपर्ने धारणा व्यक्त गरे । लोकतन्त्रलाई बलियो बनाउन राजनीतिक नेतृत्व र सञ्चारकर्मीबीच सहकार्य अपरिहार्य रहेको बताउँदै उनले जिम्मेवार पत्रकारिताले समाजलाई सही दिशामा लैजान महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे । मुख्यमन्त्री बानियाँले बागमती प्रदेशका १३ वटै जिल्लामा कार्यरत पत्रकारलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने तयारी भइरहेको जानकारी दिए ।

पत्रकारको पेशागत सुरक्षा र सामाजिक संरक्षणलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको उनको भनाइ थियो । कार्यक्रममा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारीले पत्रकारिता र लोकतन्त्र एकअर्काका पूरक भएको बताए । पत्रकार कमजोर भए लोकतन्त्र पनि कमजोर हुने उल्लेख गर्दै उनले स्वतन्त्र र सक्षम सञ्चारक्षेत्र लोकतान्त्रिक व्यवस्थाको मेरुदण्ड भएको धारणा राखे । मन्त्री अधिकारीले संघीय सरकारका केही गतिविधिले लोकतान्त्रिक मूल्य र मान्यतामाथि नै प्रश्न उठाउने अवस्था सिर्जना भएको टिप्पणी गरे ।

आवश्यक परे लोकतन्त्रको रक्षागर्न फेरि पनि सडकमा उत्रिनुपर्ने अवस्था आउनसक्ने चेतावनी दिँदै उनले प्रदेश सरकारका तर्फबाट सञ्चारकर्मीलाई अप्ठ्यारो पर्ने कुनै निर्णय नगरिने प्रतिबद्धता जनाए । आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रियामा पनि सञ्चारक्षेत्रलाई बेवास्ता नगरिने उनले आश्वासन दिए । नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यले संघीय सरकारको विज्ञापन नीतिले देशको सञ्चारक्षेत्रलाई कमजोर बनाउने काम गरिरहेको आरोप लगाए । संविधानले प्रत्याभूत गरेका नागरिक तथा सञ्चार अधिकार क्रमश: संकुचित हुँदै गएको भन्दै उनले सरकार आलोचना सहन नसक्ने प्रवृत्तितर्फ उन्मुख भएको टिप्पणी गरे ।

वरिष्ठउपाध्यक्ष आचार्यले सञ्चारमाध्यमको भूमिका सत्ताको निगरानी र प्रतिपक्षको भूमिकासमेत हुने भएपनि सरकार आलोचनाप्रति असहिष्णु बन्दै गएको बताए । सरकारको निरंकुश तथा नियन्त्रणमुखी प्रवृत्ति स्वीकार्य नहुने चेतावनी दिँदै उनले सञ्चार स्वतन्त्रताको पक्षमा पत्रकार समुदाय दृढतापूर्वक उभिने स्पष्ट पारे । उनले प्रदेश सरकारलाई समेत प्रश्न गर्दै संघीय सरकारको विज्ञापन नीतिलाई किन स्वीकार गरिएको हो भन्ने जिज्ञासा राखेका छन् । प्रदेश संरचना आफैंमा स्वायत्त शासन प्रणालीको अंग भएकाले आफ्नै कानुन र नीति निर्माण गर्ने अधिकार हुँदाहुँदै संघीय नीतिलाई अनुसरण गरिएकोमा असन्तुष्टि व्यक्त गरे ।

जेठ २४ गतेसम्म सञ्चालन हुने सम्मेलनमा 'बदलिँदो पत्रकारिता : संकट, चुनौती र अवसर', 'गुणस्तरीय पत्रकारिता : सत्य, तथ्य र विश्वासको आधार' तथा 'समाजको आँखामा मिडिया' लगायत विषयमा विज्ञ, सञ्चारकर्मी र सरोकारवाला बीच विस्तृत बहस तथा अन्तरक्रिया हुने आयोजकले जनाएको छ । नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष कृष्ण सारुमगरको सभाध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा महासंघका केन्द्रीय उपाध्यक्ष नीतु पण्डित, प्रेस चौतारीका केन्द्रीय महासचिव हीरामान लामा, प्रेस सेन्टरकी केन्द्रीय सचिव अञ्जली थापालगायत बागमती प्रदेशका १० जिल्लाका पत्रकार महासंघका अध्यक्ष तथा सञ्चारकर्मीको सहभागिता रहेको छ ।

## चौघडामा अन्तरपुस्ता सीप हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/हेटौंडा उपमहानगरपालिका महिला बालबालिका तथा समावेशीकरण महाशाखाको आयोजना र ज्येष्ठनागरिक मञ्च नगर समन्वय समितिको समन्वयमा चौघडामा अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका महिला बालबालिका तथा समावेशीकरण महाशाखाप्रमुख मन्दिरा थापाले सहजीकरण गरेकी थिइन् । कार्यक्रममा ज्येष्ठनागरिकले भोगेको दुख, जीवनयापनका क्रममा गरेका संघर्ष, बिहानदेखि बेलुकासम्म सन्तानका लागि गरेका योगदानको वर्णन गरेका थिए ।

सहभागी ज्येष्ठ नागरिकले भने आफ्ना सन्तानले माया गरुन्, समाजले सम्मान र देशले बाच्ने आधार दिनुपर्छ । कार्यक्रममा सहभागी विधार्थीले शिक्षा पाउनु आफनो अधिकार भएको बताउँदै आफ्नो बुबाआमा, अग्रजलाई सम्मान गर्ने काम सदैव हुने बताए ।

हेटौंडा उपमहानगर पालिका ६ नं वडाअध्यक्ष विष्णु बहादुर दाहालको प्रमुख आतिथ्यता एवम् ज्येष्ठनागरिक वडा मञ्च समन्वय समिति हेटौंडा-६ का अध्यक्ष टेकनाथ पहाडीको सभाध्यक्षतामा कार्यक्रम भएको थियो ।

# एथ्लेटिक्समा बागमतीलाई सर्वाधिक ११ स्वर्ण

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/ बागमती प्रदेशले १६ औं केन्द्रीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिताको अन्तिम दिन शुक्रबार एथलेटिक्समा सर्वाधिक ११ स्वर्ण जितेको छ । बागमतीले ७ रजत र ५ कांस्य पनि जितेको छ ।

एथलेटिक्समा विभिन्न २६ स्पर्धा समावेश थिए । सुदूर पश्चिम प्रदेशले ८ स्वर्ण, ३ रजत र ४ कास्य, लुम्बिनी प्रदेशले ५ स्वर्ण, ९ रजत र ५ कास्य, गण्डकी प्रदेशले २ स्वर्ण, २ रजत र ७ कास्य तथा कर्णाली प्रदेशले १ स्वर्ण, २ रजत र ३ कास्य जितेका छन् । स्वर्णविहीन कोशी प्रदेशले समान २-२ रजत र कास्य हात पार्‍यो । मधेश प्रदेश पदकविहीन बन्यो ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा अन्तिम दिन ८ स्पर्धाको फाइनल भएको थियो । छात्र २ सय मिटर दौडमा लुम्बिनीका भगवानदास लोहार पहिलो भए । उनले निर्धारित दूरी २२.६४ सेकेन्डमा पूरा गरे । यो स्पर्धाको छात्रामा लुम्बिनीकी गरिमा चौधरीले निर्धारित दूरी २७.३७ सेकेन्डमा तय गर्दै स्वर्ण जितिन् ।

छात्र ३ हजार मिटर दौडमा कर्णालीका अनिल शाही पहिलो बने । उनले ९ मिनेट २०.१ सेकेन्डमा दौड सकाए । यो स्पर्धाको छात्रामा लुम्बिनीकी अन्जुली मल्ल पहिलो भइन् ।


अन्जुलीले निर्धारित दूरी तय गर्न ११ मिनेट ०३.६ सेकेन्ड समय खर्चिन् । छात्र ट्रिपलजम्पमा सुदूरपश्चिमका विक्रम नाथ पहिलो भए । उनले १३.५५ मिटर जम्प गरे । त्यसै स्पर्धाको छात्रामा ११.१० मिटर जम्प गरेकी बागमतीकी अनिशा थारु पहिलो भइन् । ४ गुणा १ सय मिटर रिलेको छात्रमा लुम्बिनी तथा छात्रामा बागमती प्रदेश शीर्ष स्थानमा रहे ।

एथलेटिक्समा २ व्यक्तिगत र १ टिममा गरी जम्मा ३ जुनियर राष्ट्रिय कीर्तिमान बने । छात्र हाइजम्पमा बागमतीका अविनाश सुनारले १.८६ मिटर जम्प गर्दै कीर्तिमान कायम गरे । छात्रा ४ सय मिटर दौडमा बागमतीकी भगवती खड्काले हिट चरणमा निर्धारित दूरी ५८.९४ सेकेन्डमा पूरा गर्दै कीर्तिमान बनाइन् । भगवतीले कीर्तिमानी एकसहित जम्मा ४ स्वर्ण जितिन् । भगवतीले ४ सय मिटर दौड बाहेक ८ सय मिटर दौड, ४ गुणा १ सय र ४ गुणा ४ सय मिटर रिलेमा स्वर्ण जितेकी हुन् ।

छात्रा ४ गुणा ४ सय मिटर रिलेमा अतित थापा, आर्यन रानामगर, अंकित रानाभाट र सुदीप भण्डारी सम्मिलित गण्डकी टोलीले निर्धारित दूरी ३ मिनेट २७.९ सेकेन्डमा तय गर्दै कीर्तिमान रचे । सातदोबाटोस्थित नेपाल तेक्वान्दो एकेडेमीको हलमा भएको तेक्वान्दोमा बागमतीले ५ स्वर्ण जित्यो । १२ स्वर्णका लागि भएको प्रतिस्पर्धामा सुदूरपश्चिम र मेधशले समान २-२ स्वर्ण जिते । कर्णाली स्वर्णविहीन बन्दा कोशी, गण्डकी र लुम्बिनीले समान १-१ स्वर्ण हात पारे ।

कीर्तिपुरस्थित कभर्डहलमा भएको करातेमा कोशीले सर्वाधिक समान ३-३ स्वर्ण, रजत र कास्य जित्यो । लुम्बिनीले ३ स्वर्ण र ५ कास्य तथा सदूरपश्चिमले ३ स्वर्ण र ४ कास्य हात पारे । बागमतीले २ तथा मधेशले १ स्वर्ण हात पार्‍यो । १२ स्वर्णका लागि प्रतिस्पर्धा भएको थियो ।




यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

## विज्ञान/प्रविधि

# चीनले निर्माण गऱ्यो विश्वकै 'सुपरफास्ट' क्वान्टम मेमोरी



चिनियाँ वैज्ञानिकहरूले क्वान्टम कम्प्युटरका लागि विश्वकै पहिलो तीव्र गतिको मेमोरी बनाएका छन्। यसले डाटा अध्ययन गर्ने मुख्य समस्यालाई समाधान गरेको छ। यसले औषधि पत्ता लगाउने र वित्तीय ठगीहरू पहिचान गर्ने जस्ता ठूला डाटाका चुनौतीहरूलाई हल गर्ने बाटो खोलेको छ। क्वान्टम कम्प्युटरहरूले परम्परागत कम्प्युटर ले नसक्ने जटिल समस्याहरू तीव्र गतिमा समाधान गर्ने अपेक्षा गरिएको छ।

यसका लागि उनीहरूलाई क्लासिकल डाटा सहजै प्रयोग गर्ने एउटा प्रभावकारी माध्यम आवश्यक पर्छ। तीव्र गतिको डाटा इन्टरफेस नहुँदा सबैभन्दा चाँडो चल्ने क्वान्टम मेसिनको गति पनि सुस्त हुन पुग्छ। किनकि त्यसले ठूलो मात्रामा रहेका क्लासिकल डाटाहरूलाई एकपछि अर्को गर्दै क्रमैसँग प्रोसेस गर्नुपर्ने हुन्छ।

जेजियाङ विश्वविद्यालयको नेतृत्वमा रहेको टोलीका अनुसार क्युऱ्यामले क्वान्टम कम्प्युटरका लागि क्लासिकल डाटाको प्रयोगलाई प्रभावकारी बनाउँछ। धेरै क्वान्टम एल्गोरिदमहरूमा तीव्र गति हासिल गर्नका लागि यो एउटा अनिवार्य सर्त हो।

क्वान्टम कम्प्युटरले सूचनाहरू प्रोसेस गर्नका लागि 'क्युबिट्स' को प्रयोग गर्छन्। परम्परागत कम्प्युटरका 'बिट्स' ले केवल शून्य (०) वा एक (१) लाई मात्र प्रतिनिधित्व गर्न सक्छन्। तर, क्युबिट्स भने 'सुपरपोजिसन' को अवस्थामा रहन सक्छन्। यसले गर्दा उनीहरूले एकै समयमा शून्य र एक दुवैलाई प्रतिनिधित्व गर्न सक्छन् ।

यही अनौठो विशेषता र 'क्वान्टम इन्ट्याङ्गलमेन्ट' का कारण क्वान्टम कम्प्युटर हरूले निश्चित कार्यहरू अत्यन्त तीव्र गतिमा गर्न सक्छन् । यिनीहरूको गति संसारका सबैभन्दा शक्तिशाली सुपरकम्प्युटरको भन्दा पनि कयौँ गुणा बढी हुन्छ ।

## यौन/स्वास्थ्य

# सुरक्षित सेवा हुँदाहुँदै असुरक्षित गर्भपतन किन ?




मेचीनगर नगरपालिका-१० की २३ वर्षीया जुनिता (नाम परिवर्तन)ले विर्तामोडस्थित एक निजी स्वास्थ्य सस्थामा असुरक्षित गर्भपतन सेवा लिइन् । उनलाई अत्यधिक रक्तस्राव भयो र ज्यान जोखिममा परेपछिमात्र मेची अस्पतालमा भर्ना गरेर उपचार गराउनुपर्यो । हाल उनका स्वास्थ्यमा सुधार देखिए पनि ६ महिना बितिसक्दा यसको मानसिक र शारीरिक असर कायमै छ । उनले भनिन्, "असूचिकृत स्वास्थ्य सस्थामा असुरक्षित गर्भपतन सेवा लिन नहुने रहेछ ।"

इलाम माङ्सेबुङ गाउँपालिका-१ की २७ वर्षीया शान्ति (नाम परिवर्तन)ले पनि यस्तै नियति भोग्नुपर्यो । दुई सन्तानकी आमा उनले अस्थायी साधनबारे बुझ्न नपाउँदै पुन: गर्भधारण हुन पुग्यो । आर्थिक विपन्नताका कारण स्थानीय स्वास्थ्य सस्थाको समन्वयमा चिकित्सकको सल्लाह विना नै औषधि सेवन गर्दा उनलाई अत्यधिक रक्तस्रावको समस्या भयो ।

तत्काल दमकस्थित आम्दा अस्पताल पुर्याएपछि मात्र उनको ज्यान जोगिन सफल भयो । "जहाँ पायो त्यही गएर स्वास्थ्यकर्मीलाई नसोधी औषधि खान नहुने रहेछ," उनले सात महिनाअघिको स्मरण गर्दै भनिन्, "जथाभावी औषधि सेवन गर्दा झन्डै ज्यानै गयो ।" असूचिकृत स्वास्थ्य सस्थामा असुरक्षित गर्भपतन सेवा लिँदा र सेवाका लिने नाममा जथाभावी औषधि सेवन गर्दा महिलाले भोग्नु परेको केही उदाहरण हुन् । चेतनाको अभाव, भौगोलिक विकटता र सामाजिक लाञ्छनाका कारण अझै पनि महिला असुरक्षित गर्भपतनको गम्भीर जोखिम मोल्न बाध्य छन् ।

नेपालमा सुरक्षित गर्भपतन सेवाले कानुनी मान्यता पाएको २४ वर्ष व्यतीत भइसकेको छ । कोशी प्रदेश स्वास्थ्य मन्त्रालयकी जनस्वास्थ्य अधिकृत आस्था थापाका अनुसार नेपालमा कुल गर्भधारणमध्ये करिब ५३ प्रतिशत गर्भ अनिच्छित हुने गरेका छन् । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाका महाशाखाले गरेको अध्ययनअनुसार नेपालमा हुने करिब ५२ प्रतिशत गर्भपतन असुरक्षित छन् । अर्थात् ४८ प्रतिशत मात्र सुरक्षित गर्भपतन हुने गर्दछ । औसतमा नेपालमा प्रत्येक दिन दुई जना आमाले अकालमा ज्यान गुमाउँदा करिब पाँच प्रतिशत मातृ मृत्युमध्ये गर्भपतनका जटिलताका कारण हुने गरेको छ ।

कोशी प्रदेशमा मातृ मृत्युदर अनुपात प्रतिलाख जीवित जन्ममा १५७ रहेको छ । प्रदेशमा पनि औसतमा प्रत्येक दिन दुई महिलाको मातृ मृत्यु हुने गरेको छ । तीमध्ये करिब पाँच प्रतिशत मृत्यु गर्भपतनसम्बन्धी जटिलतासँग जोडिएको मन्त्रालयको तथ्याङ्कले देखाउँछ । नेपालको संविधान २०७२ ले महिलाको प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक हकका रूपमा स्वीकार गरेबमोजिम 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५' नियमावली २०७७ कार्यान्वयनमा छ । तर यसबाट ग्रामीण विपन्न समुदाय लाभान्वित हुन सकेका छैनन् ।

ऐन २०७५ को भाग ४ को दफा १५ ले गर्भवतीको अवस्थाअनुसार १२ देखि २८ हप्तासम्मको गर्भपतन गराउन सकिन्छ । गर्भवतीको मञ्जुरीमा १२ हप्तासम्म जस्तो प्रकारको गर्भ पनि पतन गराउन सकिन्छ । गर्भपतन नगराएमा ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन सक्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ता महिलाको मञ्जुरीमा २८ हप्ता सम्मको गर्भ पनि पतन गराउन पाइने व्यवस्था उक्त ऐनले गरेको छ । यसबाहेक जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ, रोग प्रतिरोधात्मक क्षमता उन्मुक्ति गर्ने जीवाणु वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेमा पनि महिलाको मञ्जुरीमा २८ हप्तासम्म सुर क्षित गर्भपतन गराउन पाइने व्यवस्था सो ऐनमा छ । यस्ता अव्यावहारिक प्रावधानलाई तत्काल संशोधन गर्न जरुरी छ ।

**सुरक्षित गर्भपतन सेवा केन्द्रन्यून, पहुँच पनि कम**

कोशी प्रदेशमा कुल २६३ सूचीकृत सुरक्षित गर्भपतन सेवा केन्द्रभए पनि भौगोलिक रूपमा यसको वितरण असमान छ । ताप्लेजुङ, सोलुखुम्बु र ओखलढुङ्गा जस्ता हिमाली तथा पहाडी जिल्लामा सेवा केन्द्रको संख्या अत्यन्तै न्यून छ । यसबाहेक तालिम प्राप्त स्वास्थ्यकर्मीको कमी, कर्मचारीको उच्च स्थानान्तरण दर, औषधिको अभाव र दोस्रो ट्राइमेस्टर (१२ हप्तापछिको) सेवा सबै सरकारी अस्पतालमा उपलब्ध हुन नसक्नु प्रमुख प्राविधिक चुनौतीका रूपमा छन् ।

भौगोलिक जटिलतासँगै सामाजिक सोच र लाञ्छनाले पनि सुरक्षित सेवाको उपयोगमा अवरोध सिर्जना गरिरहेको छ । स्वास्थ्य कार्यालय झापाका सूचना अधिकारी विश्वनाथ श्रेष्ठका अनुसार गर्भपतनलाई धेरै समुदायमा अझै नकारात्मक वा पापको दृष्टिकोणले हेरिने हुनाले कतिपय महिलाले गोपनीयताको डर र सामाजिक आलोचनाका कारण सुरक्षित सेवा लिन हिच्किचाउने गरेका छन् ।

सरकारी स्वास्थ्य संस्थामा यो सेवा पूर्ण रूपमा नि:शुल्क उपलब्ध भए पनि त्यसबारे पर्याप्त जानकारी नहुँदा धेरै महिला असुरक्षित, अवैधानिक र महँगो विकल्प रोजेर आफ्नो ज्यान जोखिममा पार्न बाध्य छन् । स्थानीय तहहरूले सुरक्षित गर्भपतन सेवा विस्तारका लागि बजेट विनियोजन गर्न थाल्नु, गैरसरकारी संस्थाको सहभागिता बढ्नु र प्रदेश स्वास्थ्य तालिम केन्द्रमार्फत नियमित रूपमा स्वास्थ्यकर्मीलाई तालिम प्रदान गरिनु सकारात्मक पक्ष हुन् ।

गत आर्थिक वर्ष २०८१/८२ मा मात्रै कोशी प्रदेशमा २० वर्षमुनिका एक हजार ३७४ र सोभन्दा माथिका ३३ हजार १०६ जना गरी कुल ३४ हजार ४८० सेवाग्राहीले सुरक्षित गर्भपतन सेवा लिएका छन् । मन्त्रालयका अनुसार संघीय तथा शिक्षण अस्पतालहरूमा भन्दा निजी अस्पताल र केही साना स्वास्थ्य संस्थाहरूमा गर्भपतन गराउने सेवाग्राहीको चाप बढी देखिएको छ, जसले महिलाहरू सेवाको सहजता र गोपनीयताका लागि साना केन्द्रमा आकर्षित हुने गरेको सङ्केत गर्छ । कोशी स्वास्थ्य निर्देशनालयको आधिकारिक तथ्याङ्क अनुसार कोशी प्रदेशका जिल्लाहरूमध्ये सुनसरीमा ३३, झापामा २७, मोरङमा २५, इलाममा २३ र भोजपुरमा २३, संखुवासभामा २०, तेह्रथुममा १९, उदयपुरमा १८ र खोटाङमा १७ सेवा प्रदायक संस्था सूचीकृत छन् । ओखलढुङ्गामा १६, धनकुटामा १४ र पाँचथरमा १४, सोलुखुम्बुमा १० र ताप्लेजुङमा सबैभन्दा कम चार मात्र सूचीकृत गर्भपतन सेवा केन्द्रछन् ।

जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी श्रेष्ठका अनुसार झापामा विगत तीन वर्षमा सूचीकृत संस्थाबाट १० हजार ४१ जनाले सुरक्षित गर्भपतन सेवा लिएका छन् । तीमध्ये २० वर्षमुनिका ६०६ किशोरी छन् । विगत तीन वर्षको तथ्याङ्क विश्लेषण गर्दा सुरक्षित गर्भपतनका लागि महिलाले शल्यक्रियाभन्दा औषधि सेवनको विधि रुचाएको देखिएको छ । 'मिफेप्रिस्टोन' र 'मिसोप्रोस्टोल' नामक औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन सेवा (एमए) नेपालमा बढी प्रयोगमा छ । यो १० हप्ताभित्रको गर्भका लागि सुरक्षित मानिन्छ । यसैगरी, १२ हप्तासम्मको गर्भपतनलाई 'म्यानुअल भ्याकुम एस्पिरेसन (एमभिए)' विधिमार्फत तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा औजारका माध्यमबाट गरिन्छ । १३ देखि १८ हप्तासम्म गर्भलाई 'कम्प्रिहेन्सिब इमरजेन्सी अब्सटेटिक नियोनेटल कियर' सुविधा भएको सूचीकृत स्वास्थ्य संस्थामा तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा डाइलेटेसन एन्ड इभ्याकुएसन (डिएन्ड) गरिन्छ ।

आव २०८०/८१ देखि चालू आव २०८२/८३ सम्ममा औषधि विधि प्रयोग गरेर छ हजार १६ जनाले सुरक्षित गर्भपतन गराएका छन् । सुरक्षित गर्भपतन गराउने कुल १० हजार ४१ जनामध्ये चार हजार २५ जनाले मात्र शल्यक्रिया विधि रोजेका थिए । सुरक्षित गर्भपतन सेवालाई कानुनले स्पष्ट रूपमा मुख्यत: महिलाको प्रजनन स्वास्थ्य र अधिकारका रूपमा व्याख्या गरे पनि सो सेवामा लक्षित वर्गको सहज पहुँच, गुणस्तरीय सेवा र यसको स्वीकार्यतालाई देशभर विस्तार गर्न सकिएको छैन ।

असुरक्षित गर्भपतनका कारण हुने मातृ मृत्युदर घटाउन पनि सकिएको छैन । सरकारले सुरक्षित र सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र गर्भपतन सेवा लिन आग्रह गरिरहे पनि अनुगमन पक्ष अत्यन्त फितलो हुँदा अकालमा आमाहरूको मृत्यु रोकिएको छैन । सेवाका बारेमा अनुगमनको समन्वय गर्ने काम सम्बन्धित जिल्ला जनस्वास्थ्य कार्यालय/स्वास्थ्य कार्यालयलाई रहेको छ । तर हालसम्म यस्तो अनुगनमन न्यून मात्र हुने गर्दछ ।

## साहित्य

कथा

# अनुपमाको आकार हटाएर

✍ डा. गोबिन्दसिंह रावत

नयाँ प्रदेशको नामसँगै राजधानी बन्ने सौभाग्य पाएपछि यो शहरको रौनक बढ्दै गएको थियो । शहरको रौनकसँगै यहाँका र थाने नागरिकहरूको ओहोदा पनि बढ्दै गएको थियो । प्रान्तको आफ्नै एउटा सरकार छ । सरकारमा स्थानीय नागरिकहरू पदासिन छन् । त्यसपछि उनका आफन्तहरू स्वकीय र सल्लाहकार बनेपछि पहुँच सरकारसम्म पुग्ने भएको छ । शहरमा नयाँ हाकिमहरूको बाहुल्यता बढ्दो छ । हाकिमहरू कानूनमाथि रहने हुनाले भनिन्छ अपराध पनि बढ्दो छ ।

यस शहरमा बिगत दस वर्षदेखि मैले ताई-कान-डोको प्रशिक्षण दिँदै आएको छु । बिहान र साँझ गरेर दुई चरणमा प्रशिक्षण दिने गर्छु । बिहान २१ जना छन् भने साँझ २५ जना पुग्छन् । अहिले यो शहर प्रदेशको राजधानी बनेपछि प्रशिक्षण लिने विद्यार्थीको संख्या पनि बढेको छ । दुई वर्ष अगाडि दुईचरणमा गरेर १८ जनामात्र हुने गर्थ्यो । तर गत वर्ष भएको एउटा घटनापछि आत्मसुरक्षाका लागि मार्सल आर्टको प्रशिक्षण लिनेहरको संख्यामा वृद्धी भएको छ । गत असारमा क्याम्पसबाट घर फर्कने क्रममा रामकोट बस्ने १७ वार्षीय शर्मीलामाथि भएको यौनजन्य अपराध र अपराधी समात्न प्रशासन असफल भएपछि आमाबुवाहरू आआफ्ना छोरीलाई आत्मसुर क्षाका लागि मार्सल आर्टको तालिम दिन थालेपछि प्रशिक्षार्थीको संख्या बढ्दै गएको हो । त्यसमा पनि युवतीहरूको संख्या अझ बढी छन् ।

त्यसदिन बिहानको ग्रुपलाई तालिम दिएर म आफ्नो कार्यकक्षमा बसेर कफी पिउँदै थिए । लगभग १२ र १० वर्षका दुई छोराहरूलिएर एक दम्पत्ति नमस्कार गर्दै मेरो कोठमा आउँछन् । मैले बस्ने सङ्केत गरेपछि श्रीमान र श्रीमती कुर्सीमा बसेपछि छोराहरू उनीहरु नजिकै उभिएर मलाई हेर्न थाल्छन् । दम्पत्तीले नमस्कार गर भनेकपछि दुवैजना एकैसाथ मलाई नमस्कार गर्छन । पहिरनबाट उनीहरु मध्यमवर्गीय देखिने पुरुषले नमस्कार गर्दै भर्ना गराउने बारे सोधेपछि मैले दुवैलाई भर्ना गर्ने हो भनेर सोध्न पुग्छु । पुरुष आफ्नो जेठो छोरोलाई तान्दै यसलाई मात्रै हो भनेर गहुगोरो केटोलाई मेरो अगाडि उभ्याई दिन्छन् । गहुगोरो केटोलाई आफुअगाडि बोलाउँदै म टेबलको घर्रा तानेर भर्ना गर्ने फारम झिकेर पुरुषलाई दिदै यसलाई नरेर दिनुस भन्दै गहुगोरो केटोलाई तिम्रो नाम के हो रु भनेर सोध्न थाल्छु ।

अनुपम ''''।। गहुगोरो केटो आफ्नो नाम भन्छ । नाम सुनेर म झस्किए । अनि केटोलाई हेरी र हे । फेरी नाम दोहोराएर अनुपम हो भनेर सोधे ? गहुगोरो केटोको उत्तर फेरी उहीनै आयो - अनुपमा मैले पुरुषतिर हेरे । उनले पनि त्यहीँ नाम दोहोराए ।

तर उनले लगाएका पहिरन । अझ भनौं कपालको बनावटबाट लिएर लुगाहरूबाट ऊ अनुपमाभन्दा बढी अनुपम देखिएको थियो ।

मैले कान्छो केटोतिर हेरेको देखेर पुरुषले, यो त छोरानै हो भनेर स्पष्टीकरण दिन थाल्छ । मैले अनुपमालाई एकैछिन तलदेखिमाथिसम्म नियालेर हेर्न थाले । अनि लामो सास फेरर पुरुषतिर हेर्दै प्रश्न गरे ।

छोरीलाई टम ब्वाइ बनाएर राख्नु भएको रहेछ । छोराको रहर भएर हो ?

मेरो प्रश्नप्रति ध्यानै नदिएर पुरुषले उल्टै मलाई नै प्रतिप्रश्न गर्यो, सर यहाँ केटा र केटीलाई सँगै राखेर सिकाइन्छ ?

मैले हो भनेपछि फेरी अर्को प्रश्न आयो । बेग्ला बेग्लै सिकाउने व्यवस्था छैन सर ?

मैले छैन भनेपछि उसको अनुहारको रङ्ग फेरिएको देखेपछि मैले सम्झाउँदै भने । त्यस्तो केही छैन । यहाँ प्रशिक्षण सँगै दिए पनि जोडी बनाएर अभ्यास गराउँदा केटा र केटी छुट्याएर गराईन्छ ।

हामी बीच कुराकानी चल्दै थियो र महिलाले मसँग कलम माँगेर फारम भर्दै थिईन् ।

मैले अनुपमालाई हेर्दै पुरुषलाई फेरी प्रश्न गर्न थाले ।

तपाईले अनुपमालाई सानैदेखि नै छोरा जस्तै बनाएर राखेको हो रु

मेरो प्रश्नको जबाब दिनभन्दाअघि पुरुषले महिलातिर नियालेर एक प्रकारले मौन स्वीकृति लिएपछि भन्न थाल्यो ।

"हाम्रो समाजमा दिना-प्रतिदिन बढ्दै गएको आपराधिक परिस्थितिले छोरीलाई छोराको पहीरनमा राख्न परेको छ भन्दै समाजको सुरक्षा व्यवस्थामाथि औंला ठढ्याउँदै विरोध गर्न थाल्यो । फेरी ऊ शिथिल हुँदै भन्न थाल्यो - के गर्ने सर देखिहाल्नुभयो नि गत वर्ष के भयो । एउटी अबोध बालिका बलत्कृत भएर मारिनु पर्यो । कतै सही तरीकाबाट केही अनुसन्धान पनि भएन । सुरक्षाको जिम्मेदारी लिएर बसेका संस्थाले नै यस्तो घटना हिजो पनि थियो आज पनि छ र भोली पनि रहन्छ भनेपछि हाम्रा छोरीहरूले कसरी सुरक्षा पाउने रु म एउटा सरकारी कर्मचारी हो सर । प्रदेश बनेपछि मलाई यहाँ खटाईयो र म आए । आउनअघि नै यहाँ शर्मीला नाम गरेकी एउटी अबोध बालिकामाथि भएको घटनाले मलाई नराम्ररी झस्कायो । सरकारी जागिरे भएपछि खटाएको ठाँउमा जनै पर्छ सर । सरुवा भएपछि यहाँ आउनै पर्यो । जता गए पनि हाम्रो समाज यहीनै हो सर । जोगाउन चेलीबेटीलाई नै पर्छ । अनि हामीले अनुपमालाई त्यसरीनै हुर्काएर राख्नु परेको हो सर । यो नयाँ ठाँऊ भएकोले सबैले छोरानै भन्ठानेका छन् । स्कूलमा पनि केटाहरूकै युनिफर्म लगाएर पठाउने गरेका छौं सर । बानीव्यहोरा पनि केटा जस्तै भएको छ । के गर्ने आफुले सकेको जोगाउने हो सर ।

पुरुषको कुरा सुनेर म एकै छिन् स्तब्ध भएर अनुपमालाई हेरी रहे । अनुपमाको अनुहारमा मैले मेरी दुईटी छोरी अकृति र प्रकृतिको प्रतिबिम्ब देख्न थाले । दुवैजना यिनीहरूभन्दा एकएक वर्षले ठूला छन् । म एकोहोरिएको देखेर महिलाले भरेको फारम मलाई दिदै बिन्ति गरिन- हजुर यहाँ कसैलाई पनि अनुपमाको बारेमा नभनी बक्सियोस । महिलाको बिन्तिमा विवसताको पीडा मिसिएकोले दरबारीय भाषा आएको थियो ।

मैले यस बारे चिन्तै लिन नपर्ने भन्दै छोरी अनुपमालाई मात्रै भर्ना गर्ने कि दुवैजनालाई भनेर सोधे ।

मेरो कुरा सुनेर महिलाले बीचमै कुरा काटेर अनुपम भनिबक्सियोस् हजुर लिङ्ग नछुट्याइसियोस् भनेर फेरी अर्को बिन्ति चढाईन ।

पुरुषले चाहिँ छोरालाई देखाउँदै, यो त छोरा हो हजुर यसलाई के को डर भन्दै यहाँ त छोरी जोगाउनै गाहे भएकोले छोरीलाई भर्ना गराउन ल्याएको हो सर । कम से कम यसले आत्मसुरक्षा गर्न सिकी भने आफुलाई त जोगाउन सक्छे भनेर दाखिला गर्न आएको भनेपछि मैले फारममा दुवैको सही गर्न लगाए । सही गरेर कलम मलाई दिदै महिलाले मासिक शुल्क कति भनेर सोधेपछि मैले मासिक शुल्क पाँच हजार भनेपछि पुरुष र महिला एकअर्कामा मुखामुख गर्न थाले । अनि केहीबेरपछि महिलाले सिकाउन त पर्छ नै भन्दै ब्यागबाट पाँच हजार रुपियाँ झिकेर दिन थाल्यो ।

मैले पैसा गनेर फारमसहीत लिएर त्यसमा अनुपमको एकप्रति फोटो टाँसेर फार मलाई फाईलमा राख्दै भोली बिहान ७ बजेदेखि प्रशिक्षणमा आउने भनेर उनीहरूलाई नमस्कार सहीत बिदा गरे ।

उनीहरू कोठाबाट निस्केपछि पर सम्म मैले मेरो आँखाबाट ओझेल नहुँन्जेलसम्म उनीहरूलाई गएको हेरी रहे । अनि लामो सास फेरेर टेबलमा रहेको समाचारपत्र उठाएर पढ्न थाले ।

बिहेको जन्तीमा आएका केटाहरूबाट बेहुँलीको साथी बलत्कृत...।।

बसबाट घर फर्कदै गर्दा एउटी युवतीलाई जबर जस्ती जिपमा राखेर अपहरण...।।

मामा घर आएकी अबोध बालिका आफ्नै हजुरबुवाबाट बलत्कृत...।।

स्कूल बसबाट घर फर्कदा बस ड्राईभरबाट बालिका बलत्कृत...।।

घास काट्न गएकी बालिकामाथि समुहिक बलत्कार...।।

बालिकामाथिको बलत्कारमा वडा अध्यक्ष सम्लग्न...।।

समाचारपत्र टेबलमा राख्दै म साँझको प्रशिक्षण लिन आएका प्रशिक्षर्थीलाई हेर्न थाले । तालिम लिनेहरूमा बढी बालिकाहरूनै थिए । अघिमात्र छोरीलाई भर्ना गराएको पुरुषले भनेका वाक्यहरू मेरो टाउँकोमा ठोक्किन पुग्यो : सुरक्षाको जिम्मेदारी लिएर बसेको संस्थाले नै यस्तो घटना हिजो पनि थियो आज पनि छ र भोली पनि रहन्छ भनेपछि हाम्रा छोरीहरूले कसरी सुरक्षा पाउने सर ?

मैले प्रत्येक प्रशिक्षार्थी युवतीको अनुहारमा अनुपमा देख्न थाले ।

त्यस दिन मैले कसरी प्रशिक्षण दिए आफैलाई थाहा भएन । मेरा प्रशिक्षार्थीले बारम्बार मलाई - सर यो त भर्खर गरेको हैन भनेपछि म आफै झस्कने गर्थे । त्यस दिन मैले दिएको प्रशिक्षणबाट म आफै असन्तुष्ट थिए भने मेरो प्रशिक्षार्थीहरु पनि सरलाई सञ्चो छैन भने भोली गरौं सर भनेर देहोराई रहेका थिए । समयभन्दा अगाडि नै सबैलाई घर जान भनेर म पनि कार्यालय बन्दा गरेर घर तिर लागे ।

प्रशिक्षणपछि घर आएर पनि म अनुपमाको बुवालाई नै सम्झीरहेको थिए । म अनुपमाको अनुहारमा पुरुषले बोलेका शब्दहरूपढी रहेको थिए ।

रात्रीको खानपानपछि छोरीहरूलाई अर्को कोठामा सुताएर आएपछि मैले प्रमीलालाई भोली छोरीहरूलाई नयाँ लुगा सिउन जाने बारे जानकारी गराउँदा प्रमीला मेरो अनुहार हेर्दै हाम्लाई पनि चाहिन्छ नयाँ नाना भन्दै मस्किन थाली ।

प्रमीलालाई एकै छिन हेरी रहे अनि लामो सास फेर्दै अनुपमाको बुवाले छोरीको अस्तित्व जोगाउन अनुपमा नाममा आउने आकारमात्रै नभएर छोरीको आकार छोरामा छेर्नु परेको विवशताका बारेमा भने पछि प्रतीमा पनि एकै छिन स्तब्ध भईन र छोरीहरूका लागि लुगामात्र हैन स्कूलनै फेर्ने कुरा गरेर हामी सुत्यौं ।

कथा

# करेला



✍ नोभा घिसिङ
कक्षा-३, नवोदय शिशु सदन

करेला हुन्छ तीतो
फाइदा गर्छ छिटो
करेलाको दाना
हेर्दा खेरी साना ।

लाग्यो मलाई मिठो
पाक्यो यो छिटो
खान मन छ बरेला
घरमा पाक्यो करेला ।

# मुक्तक

✍ पुस्कल पौडेल

तारिफमा शब्दहरू कमी भए जस्तै,,
सोच्ने गर्छु यस्तरी की गमी भए जस्तै,,
छहारी होस् चौतारीमा झैं हरेक ठाउँ !
बर पिपल त कहिँ शमी भए जस्तै ।।

# पानीको आकार



✍ गोविन्द सुबेदी

भन्छन् पानीको कुनै आकार हुँदैन,
तर मैले देखेको छु–
कहिले आँसु बन्छ,
कहिले नदी भएर गाउँ बगाउँछ,
कहिले बादल बनेर
आकाशको छातीभरि फैलिन्छ ।

गिलासमा जाँदा
गिलासजस्तै देखिन्छ,
समुन्द्रमा पुग्दा
सीमाहीन भएर गर्जिन्छ ।
मानिसको मनझैँ रहेछ पानी–
जहाँ राख्यो,
त्यहींको आकार लिन्छ ।

कहिले ऊ
आमाको निधारको पसिना बन्छ,
कहिले किसानको आशा,
कहिले यात्रुका ओठमा
जीवनको अन्तिम प्रार्थना ।

ढुङ्गाले रोक्न खोजे पनि
ऊ बाटो खोजेरै बग्छ,
किनकि पानीलाई थाहा छ–
रोकिनु मृत्यु हो,
बगिरहनु नै जीवन ।

पानीले सिकायो–
नम्र हुनु कमजोरी होइन,
तर समय आए
पहाड चिरेर अघि बढ्नु पनि कला हो ।

कहिले शान्त पोखरी,
कहिले उर्लँदो भेल,
कहिले हिमालको काखमा
हिउँ बनेर निदाउँछ,
फेरि घामको स्पर्शसँगै
नयाँ यात्रामा निस्किन्छ ।

सायद त्यसैले
पानी संसारकै सबैभन्दा गहिरो कविता हो–
जसको आकार छैन,
तर जसले
पूरै संसारलाई आकार दिएको छ ।

# एकल र विपन्नको अभिभावक बन्छ, बागमती सरकार: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले एकल महिला, विपन्न तथा सीमान्तकृत समुदायका महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यले प्रदेश सरकारले सीप, प्रविधि र पूँजीलाई एकैसाथ जोड्ने विशेष कार्यक्रम सञ्चालन गर्ने बताएका छन् ।




एकल महिला, द्वन्द्व प्रभावित महिला र सीमान्तकृत महिलाको मानवअधिकार स्थितिको समसामयिक मुद्दामाथिको छलफल कार्यक्रममा उनले महिलालाई केवल सहयोगको पात्रकारुपमा नभई उत्पादन, उद्यम र आर्थिक विकासका साझेदारकारुपमा स्थापित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको स्पष्ट पारेका छन् । मुख्यमन्त्री बानियाँले प्रदेश सरकारले नीति तथा कार्यक्रममै महिलाको आर्थिक सशक्तीकरणलाई प्राथमिकतामा राखेको उल्लेख गरेका छन् । 'अचार उत्पादनदेखि लिएर मौरीपालन, बाख्रापालन, भैंसीपालन, तरकारीखेती, दुनाटपरी निर्माण तथा अन्य घरेलु तथा साना उद्योग सञ्चालन गर्न चाहने दिदीबहिनीलाई सीप तालिम, प्रविधि हस्तान्तरण र बीउपूँजीको व्यवस्था गरिनेछ,' उनले भने ।

मुख्यमन्त्री बानियाँका अनुसार महिलाले समूहगत वा व्यक्तिगतरुपमा उद्यम सञ्चालन गर्न चाहेमा स्थानीय तहसँग समन्वय गरी सहुलियतपूर्ण ऋण, अनुदान तथा प्रारम्भिक बीउपूँजी उपलब्ध गराइनेछ । व्यवसाय सुरु गर्न आर्थिक अभाव बाधक नबनोस् भन्ने उद्देश्यले ब्याजमा समेत विशेष छुट र अनुदानको व्यवस्था गरिने उनले बताएका छन् । मुख्यमन्त्री बानियाँले एकलमहिला, गरिब, विपन्न, चेपाङ, भोटे तथा अन्य सीमान्तकृत समुदायका महिलालाई लक्षित गरी विशेष कार्यक्रम ल्याइने जानकारी दिएका छन् । 'हामीले कसैलाई पछाडि पार्ने होइन, बरु पछाडि परेकालाई अघि ल्याउने नीति लिएका छौं । राज्यको पहुँच र अवसर सबैभन्दा पहिले आवश्यकतामा रहेका समुदायसम्म पुग्नुपर्छ,' उनको भनाई छ ।

उनले आर्थिक अभावका कारण उच्चशिक्षा हासिल गर्न नसक्ने अवस्था अन्त्य गर्न प्रदेश सरकारले विशेष योजना अघि सारेको जानकारी दिएका छन् । 'कुनै एकलमहिलाले अथक संघर्ष गरेर आफ्ना छोराछोरीलाई पढायो, उनीहरुले डाक्टर वा इन्जिनियर बन्ने योग्यता पनि हासिल गरे तर, शुल्कतिर्न नसक्ने अवस्था आयो भने प्रदेश सरकार अभिभावक बनेर साथ दिन्छ,' उनले बताएका छन् । मुख्यमन्त्री बानियाँले मेडिकल, इन्जिनियरिङ तथा अन्य प्राविधिक विषय अध्ययन गर्न चाहने तर, आर्थिकरुपमा कमजोर परिवारका विद्यार्थीका लागि छात्रवृत्ति तथा आर्थिक सहयोगको व्यवस्था बजेटमार्फत् गरिने उल्लेख गरेका छन् । 'प्रतिभा पैसाको अभावमा रोकिनु हुँदैन । अवसरको अभावले कुनै विद्यार्थीको सपना अधुरो रहन दिनु हुँदैन,' उनले भनेका छन् ।

उनले संघर्षशील महिलाको सम्मान गर्दै उनीहरुको जीवनस्तर उकास्ने कार्यक्रमलाई आगामी बजेटको प्राथमिकतामा राखिएको बताएका छन् । एकल महिलाले भोगेका दु:ख, संघर्ष र जिम्मेवारीलाई राज्यले नजिकबाट बुझेको उल्लेख गर्दै उनले उनीहरुलाई आत्मनिर्भर र सम्मानित जीवन जिउनसक्ने वातावरण निर्माण गरिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

वातावरण संरक्षण र आयआर्जनलाई सँगसँगै अघि बढाउने नीति पनि प्रदेश सरकारले लिएको मुख्यमन्त्री बानियाँले बताए । प्लास्टिकजन्य सामग्रीको विकल्पका रुपमा साल, सुपारी तथा नरिवलका पातबाट बन्ने वातावरणमैत्री सामग्री उत्पादन, कृषि तथा पशुपालन व्यवसाय विस्तार र स्थानीय स्रोतमा आधारित उद्यम विकासलाई प्रोत्साहन गरिने उनले बताएका छन् ।

मुख्यमन्त्री बानियाँले बागमती प्रदेशका १३ वटै जिल्लाका महिलालाई उत्पादन, उद्यम र रोजगारीसँग जोड्दै आत्मनिर्भर बनाउने लक्ष्यकासाथ आगामी बजेट तथा कार्यक्रम केन्द्रित हुने उल्लेख गर्दै सामाजिक न्याय, महिला सशक्तीकरण र समावेशी विकासलाई प्रदेश सरकारको प्रमुख प्राथमिकताका रुपमा अघि बढाइने बताएका छन् ।

# उत्कृष्टलाई सम्मान गर्दै वातावरण दिवस सम्पन्न




साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/विश्व वातावरण दिवस २०८३ को अवसरमा हेटौंडामा आयोजित सप्ताहव्यापी कार्यक्रम सम्मान, पुरस्कार वितरण तथा समापन समारोहसहित सम्पन्न भएको छ ।

'समृद्ध भविष्यको आधार: जलवायु एवं प्रकृतिमैत्री विकास' भन्ने नारासहित सञ्चालन गरिएको कार्यक्रम टोल विकास संस्था नगरसमन्वय समितिले हेटौंडा उपमहानगरपालिकाको सहयोगमा आयोजना गरेको हो । समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँ प्रमुखअतिथि रहेका थिए । कार्यक्रममा पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, वन तथा वातावरण मन्त्री भरतकुमार केसी लगायतको उपस्थिति रहेको थियो । समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले वातावरण संरक्षणलाई व्यवहारमा उतार्न समुदायको सक्रिय सहभागिता आवश्यक रहेको बताउँदै जलवायु परिवर्तनका चुनौती सामना गर्न सरकार, स्थानीय तह र नागरिकबीच सहकार्य अझ बलियो बनाउनुपर्ने धारणा राखे ।

पूर्वमुख्यमन्त्री पौडेलले टोल विकास संस्थामार्फत् समुदायमा आधारित विकास र वातावरण संरक्षण अभियानलाई अघि बढाइएको स्मरण गर्दै यस्ता संस्थाको भूमिका महत्वपूर्ण रहेको बताए । वन तथा वातावरण मन्त्री केसीले प्राकृतिक स्रोत संरक्षण, प्लास्टिकजन्य प्रदूषण नियन्त्रण र हरियाली प्रवर्द्धन सबैको साझा दायित्व भएको उल्लेख गरे । कार्यक्रममा सप्ताहभर सञ्चालन गरिएका वृक्षरोपण, सरसफाइ अभियान, प्लास्टिक न्यूनीकरण, फोहोर खोज चुनौती, विद्यालयस्तरीय प्रतियोगिता, वातावरणीय संवाद तथा सचेतनामूलक र्‍यालीलगायत गतिविधिको समीक्षा प्रस्तुत गरिएको थियो ।

वातावरण संरक्षण, सरसफाइ तथा सामुदायिक विकासमा योगदान पुर्‍याएका व्यक्ति तथा संस्थालाई 'वातावरण सम्मान-२०८३' प्रदान गरिएको छ । वरिष्ठ पत्रकार तथा हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टलाई खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा पुर्‍याएको योगदानको कदरस्वरुप सम्मान गरिएको हो । त्यसैगरी सिद्धिलाल श्रेष्ठ, उषादेवी माध्यमिक विद्यालय, पशुपति मन्दिर, कुष्माण्डसरोवर त्रिवेणीधाम, शहीदस्मारक विकास समिति तथा रानी सामुदायिक वनलाई पनि वातावरण संरक्षण र हरियाली प्रवर्द्धनमा योगदान पुर्‍याए बापत सम्मान प्रदान गरियो ।

वडा कार्यालयतर्फ हेटौंडा-१० उत्कृष्ट घोषित हुँदा उत्कृष्ट टोल विकास संस्था वडा समन्वय समितिको रुपमा हेटौंडा-११ सम्मानित भएको छ । हेटौंडा-११ वडा कार्यालयलाई वातावरणीय कार्यक्रम सञ्चालनमा विशेष योगदान पुर्‍याएबापत विशेष सम्मान प्रदान गरिएको थियो । सर्प उद्दार तथा व्यवस्थापनमा योगदान पुर्‍याएबापत राजेश थापा र विश्वास कोइराला सम्मानित भएका छन् । यस्तै डिभिजन वन कार्यालय मकवानपुर, सामुदायिक प्रहरी सेवा केन्द हेटौंडा-११, ज्ञानदीप टोल विकास संस्था, शान्तिचोक टोल विकास संस्था, सामुदायिक विकास तथा सचेतना नेपाल र पशुपति हेल्थ क्लब लगायत विभिन्न संस्था पनि सम्मानित भएका छन् ।

सप्ताहव्यापी कार्यक्रम अन्तर्गत् आयोजित सचेतनामूलक र्‍याली प्रतियोगितामा विकास टोल विकास संस्था प्रथम, कालिकामाई टोल विकास संस्था द्वितीय तथा फारलाइन टोल विकास संस्था तृतीय भए ।

खेर गएका वस्तुबाट सामग्री निर्माण प्रतियोगितामा आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय प्रथम, नवोदय शिशुसदन द्वितीय तथा सिद्धार्थ माध्यमिक विद्यालय तृतीय बने । फोहोर खोज चुनौती प्रतियोगितामा कालिका टोल विकास समूह 'ब' प्रथम, विकास टोल विकास संस्था द्वितीय तथा मनकामना 'क' टोल विकास संस्था तृतीय भए ।

कार्यक्रममा राजनीतिक दल, सरकारी तथा गैरसरकारी संस्था, शैक्षिक संस्था, सञ्चारकर्मी, स्वयंसेवक तथा स्थानीयवासीको उल्लेखनीय सहभागिता रहेको थियो । सप्ताहव्यापी कार्यक्रमले वातावरण संरक्षणप्रति जनचेतना अभिवृद्धि गर्नुका साथै समुदायस्तरमा वातावरणमैत्री अभ्यासलाई थप प्रोत्साहन गरेको छ ।

# गरिबको नामका ३ हजार ५६८ बेड खाली, उपचार नपाएर सर्वसाधारण भौंतारिँदै

काठमाडौं/सरकारले विपन्न, असहाय र बेवारिसे नागरिकका लागि छुट्याइएको ३ हजार ५ सय नि:शुल्क बेड खाली छन् । एकातिर सामान्य उपचार नपाएर सर्वसाधारणको मृत्यु भइरहेको छ । अर्कोतिर उनीहरूकै नाममा छुट्याइएका हजारौं बेड देशभरि खाली छन् ।



स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सञ्चालनमा ल्याएको 'फ्रि हेल्थ पोर्टल'को तथ्यांक हेर्दा देशभरका १६४ सरकारी तथा निजी अस्पतालले छुट्याएका ३ हजार ८२० नि:शुल्क बेडमध्ये ३ हजार ५६८ बेड खाली रहेको देखिन्छ ।

समाचार तयार पार्दासम्म जम्मा २५२ बेड मात्र प्रयोगमा छन् । गरिबका लागि छुट्याइएका बेड यति धेरै खाली छन् । त्यससँगै उपचार नपाएको गुनासो बढिरहेको छ । शुक्रबार काठमाडौंको एक निजी अस्पतलमा पुगेका राजु घिमिरेले नि:शुल्क उपचार नपाएको गुनासो गरे । 'निजीमा भर्ना गरेर उपचार गर्दा लाखौं सकिन्छ । बेड चार्ज मात्रै नि:शुल्क हुँदा के राहत हुन्छ र,' घिमिरेले दुखेको पोखे, ' बिहान र बेलुका छाक टार्न गाह्रो हुने मलाई केही राहत भएन । सेवा लिन पनि अनेकौं कागजात जुटाउनुपर्ने र सोधपुग्छ गर्ने रहेछ । '

२०७७ सालमा लागु भएको स्वास्थ्य संस्था सञ्चालन मापदण्डले प्रत्येक अस्पताललाई कुल शय्याको कम्तीमा १० प्रतिशत विपन्न, असहाय र बेवारिसे बिरामीका लागि नि:शुल्क छुट्याउन अनिवार्य गरेको थियो । तर कानुन बनेको वर्षौं बितिसक्दा पनि यसको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । तर, मापदण्ड बने पनि सरकारले अनुगमन भने गर्न सकेन । बालेन शाह प्रधानमन्त्री बनेपछि यो नियम कडाइका साथ देशव्यापी रूपमा लागु गर्ने निर्देशन दिए । त्यसपछि स्वास्थ्य मन्त्रालयले छुट्टै पोर्टल नै बनाएर अनलाइनबाटै देशभरका अस्पतालमा नि:शुल्क बेड खाली भए वा नभएको हेर्न सकिने व्यवस्था गरेको छ ।

देशकै सबैभन्दा ठूलो सरकारी अस्पतालमध्ये एक वीर अस्पतालले ३९६ बेड नि:शुल्क भनेर देखाएको छ । तर प्रयोगमा भने तीन बेड छन् । दैनिक सयौं बिरामीको भिड हुने अस्पतालमा गरिबका लागि छुट्याइएका सयौं बेड खाली किन भयो ? वीर अस्पतालको निमित्त निर्देशक डा. प्रभा कोइराला भन्छिन्, 'वीरलाई निश्चित प्रतिशतको सीमामा बाँधेर हेर्न मिल्दैन । हामीले आवश्यकताका आधारमा सेवा दिइरहेका छौं ।' कोइरालाका अनुसार नि:शुल्क बेडको निश्चित कोटाभन्दा बाहिर गएर आवश्यकता अनुसार सेवा दिइरहेको दाबी छ ।

'९०० बेडको बेड चार्ज नै नि:शुल्क छ । त्यसैले कुनै निश्चित बेडलाई मात्रै फ्री भनेर छुट्याउने अभ्यास छैन,' डा. कोइरालाले भनिन्, 'एउटा बिरामीलाई मात्रै सम्पूर्ण सुविधा दिएर सीमित गर्नेभन्दा धेरै बिरामीले राहत पाउने गरी सेवा वितरण गरि रहेका छौं ।' अस्पतालले विपन्न बिरामीलाई आवश्यकता हेरेर एमआरआई, शल्यक्रिया शुल्क, औषधि, परीक्षणलगायत विभिन्न सेवामा छुट तथा पूर्ण नि:शुल्क सुविधा उपलब्ध गराउँदै कोइरालाको दाबी छ ।

१० प्रतिशत नि:शुल्क बेड'को व्यवस्था लागु गर्दा उल्टै धेरै बिरामी सेवा सुविधाबाट वञ्चित हुन सक्ने उनको तर्क छ । 'एउटै बिरामीले सबै सुविधा पाउने र अरू सयौं बिरामी राहत नपाउने अवस्था हुन्छ । त्यसैले आवश्यकता अनुसार सामाजिक सेवा इकाइमार्फत सहयोग गरिरहेका छौं,' डा. कोइराला भन्छिन् ।

संविधान र कानुनले गरेको नि:शुल्क स्वास्थ्य सेवाको व्यवस्था कार्यान्वयनलाई प्रभावकारी बनाउन फ्री हेल्थ पोर्टल लागु गरिएको स्वास्थ्य मन्त्रालयको भनाइ छ ।

संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । साथै कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गर्न नपाइने र स्वास्थ्य सेवामा सबैको समान पहुँच हुने व्यवस्था गरिएको छ ।

ललितपुरस्थित बी एन्ड बी अस्पतालले ३० बेड नि:शुल्क उपचारका लागि छुट्याएको छ । तर ती सबै खाली देखिएका छन् । अस्पताल प्रशासनहरू भने सरकारकै अस्पष्ट नीतिलाई दोष दिन्छन् ।

'विपन्न बिरामी' को स्पष्ट परिभाषा र उपचारको सीमा नतोकिँदा अस्पतालहरू अन्योलमा परेको अस्पतालका प्रशासन प्रमुख प्रकाशकुमार भट्टराईले बताए । उनका अनुसार अस्पतालले सरकारले तोकेअनुसार नि:शुल्क बेड छुट्याएको भए पनि पोर्टलमा ती बेड प्रयोगविहीन देखिनुका पछाडि नीतिगत अस्पष्टता मुख्य कारण रहेको बताए ।

विपन्न बिरामीलाई कस्तो सेवा, कुन हदसम्म र कुन उपचारमा नि:शुल्क सुविधा दिने भन्ने विषयमा सरकारबाट स्पष्ट मार्गनिर्देशन नआएकाले व्यावहारिक समस्या देखिएको भट्टराईको तर्क छ । सरकारले नि:शुल्क उपचारको दायरा, औषधि, शल्यक्रिया सामग्री तथा दीर्घकालीन उपचारको खर्च सम्बन्धी स्पष्ट मापदण्ड तयार गर्नुपर्ने आवश्यकता औंल्याए ।

'कुन सेवा नि:शुल्क दिनुपर्ने, कुन उपचारसम्म अस्पताल जिम्मेवार हुने भन्ने स्पष्ट मार्गनिर्देशन भए अस्पतालहरूलाई पनि काम गर्न सहज हुन्थ्यो,' भट्टराई भन्छन् । त्यसैगरी ह्याम्स अस्पतालले छुट्याएका १० बेड पनि प्रयोगविहीन रहेको पोर्टलमा देखिन्छ । सूचना अधिकारी सागर दुलालले विपन्न नागरिकका लागि छुट्याएका बेड तथा उपचार सेवाहरू रूपमा कार्यान्वयन भइरहेको दाबी गरे ।

सेवा दिइरहेको भए भने पोर्टलमा शून्य किन देखिन्छ ? भन्ने प्रश्नमा दुलालले स्पष्ट जवाफ दिन सकेनन् । अस्पतालले सरकारको नि:शुल्क स्वास्थ्य पोर्टलमा नियमित रूपमा अपडेट गर्दै आएको छ र बिरामीको भर्ना तथा डिस्चार्ज प्रक्रियाका आधारमा विवरण अद्यावधिक गरिने दुलालको भनाइ छ ।

'रेगुलर अपडेट हुन्छ । बिरामी भर्ना हुँदा वा डिस्चार्ज हुने बेलामा आवश्यक कागजातका आधारमा सिस्टम अपडेट गरिन्छ,' दुलाल दाबी गर्छन् ।

स्वास्थ्य मन्त्रालयका अधिकारीहरूका अनुसार कतिपय अस्पतालले रियल टाइम डेटा अद्यावधिक नगर्दा पनि बेड खाली देखिने समस्या छ । तर यही बहानाले सबै तथ्यांकलाई पन्छाउन सकिने अवस्था छैन । यदि हजारौं बेड वास्तवमै खाली छन् भने गरिब बिरामीसम्म सूचना किन पुगेन ? यदि बेड प्रयोगमा छन् भने पोर्टल किन अद्यावधिक भएन ? र यदि अस्पतालहरूले नियम पालना नै गरेका छैनन् भने अहिलेसम्म कति अस्पताल कारबाहीमा परे ?

यी प्रश्नको स्पष्ट जवाफ सरकारी निकायसँग पनि छैन । स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारी स्वास्थ्य संस्थाले नियमित रूपमा विवरण अद्यावधिक नगर्दा पोर्टलमा वास्तविक अवस्था नदेखिएको तर्क गर्छन् । यस विषयमा मन्त्रालयले निरन्तर छलफल गरिहेको र अनुमगन टोलीमार्फत नियमित निगरानी पनि गरिरहेको मन्त्रालयको दाबी छ ।

'प्रणालीमा विवरण अद्यावधिक नभएको देख्नेबित्तिकै अस्पताललाई फोन गर्ने, जानकारी गराउने र आवश्यक परे अनुगमन गर्ने काम भइरहेको छ,' डा. अधिकारी भन्छन्, ' तर नियमित रुपमा फ्री हेल्थ पोर्टलमा अपडेट गर्ने विषयमा अझै चुनौती देखिएको छ ।' अस्पतालहरूमा नि:शुल्क सेवाको दायराबारे समेत फरक-फरक बुझाइ रहेको मन्त्रालयले स्वीकार गरेको छ । कतिपय अस्पतालले नि:शुल्क सुविधा बेड शुल्कमा सीमित हुने व्याख्या गरेका छन् । तर मन्त्रालयको भने बेडमा भएको बिरामीको सम्पूर्ण उपचार नि:शुल्क हुनुपर्ने दाबी छ ।

यही कारण अस्पताल र मन्त्रालयबीच देखिएको व्याख्यागत अन्योल हटाउन स्पष्ट कार्यविधि बनाउने काम भइरहेको उनले जानकारी दिए । कार्यविधिले विपन्न, असहाय र बेवारिसे बिरामीले कुन-कुन सेवा कसरी नि:शुल्क पाउने भन्ने विषय स्पष्ट गर्नेछ ।

मन्त्रालयले यसअघि नै विपन्न परिचयपत्र वा स्थानीय तहको सिफारिसका आधारमा योग्य सेवाग्राहीलाई नि:शुल्क सेवा दिन अस्पतालहरूलाई निर्देशन दिएको छ । डा. अधिकारीका अनुसार १० प्रतिशत नि:शुल्क सेवा भनेको समग्र स्वास्थ्य सेवामै लागु हुने व्यवस्था हो । 'चुनौतीहरू छन् । तर नि:शुल्क स्वास्थ्य सेवा प्रभावकारी रूपमा कार्यान्वयन होस् भन्ने उद्देश्यले मन्त्रालयले अनुगमन, सहजीकरण र स्पष्ट कार्यविधि निर्माणको कामलाई प्राथमिकताका साथ अघि बढाइरहेको छ,' डा. अधिकारीले भने ।

*(स्रोत: अनलाइनखबर)*

# विश्व वातावरण दिवसमा मनहरीमा वृक्षरोपण तथा र्‍याली



साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/५४ औँ विश्व वातावरण दिवसको अवसरमा मकवानपुरको मनहरी गाउँपालिकामा वृक्षारोपण तथा सचेतनामुलक र्‍याली आयोजना गरिएको छ ।

मनहरी गाउँपालिकाको आयोजनामा मनहरी-९ स्थित अग्निहोत्राश्रम परिसरमा विभिन्न फलफूल र अन्य बोट विरुवा गरी करिब सय वटा बिरुवा रोप्नुका साथै रजैयाबाट लामिटारसम्म सचेतनामुलक र्‍याली गरिएको थियो ।

सामाजिक विकास समितिका संयोजक अनन्तप्रकाश अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, सामाजिक विकास शाखाप्रमुख ज्ञानेन्द्र ढकाललगायत कर्मचारी, गैरसरकारी संस्थाका प्रतिनिधि, विभिन्न विद्यालयका शिक्षक तथा विद्यार्थी, टोल विकास समितिका प्रतिनिधिको सहभागिता रहेको थियो ।

भोजसिद्ध माध्यमिक विद्यालय, पशुपतिनाथ मावि र युवावर्षगंगा आधारभूत विद्यालयका विद्यार्थीको सहभागितामा जनचेतना मुलक प्लेकार्ड बोकेर र्‍याली गरिएको थियो । प्रकृतिबाट प्रेरित, जलवायुका लागि, हाम्रो भविष्यका लागि भन्ने नाराकासाथ विश्वभर वातावरण दिवस मनाइरहेको छ । हरेकवर्ष जुन ५ तारिकका दिन विश्व वातावरण दिवस मनाउने गरिएको छ । वातावरण संरक्षणमा जागरुकता बढाउने उद्देश्यले संयुक्त राष्ट्रसंघले सन् १९७२ बाट विश्व वातावरण दिवस मनाउन सुरु गरेको हो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



भीमफेदी र इन्द्रसरोवरमा खाद्य स्वच्छताको अवस्था चिन्ताजनक,

# अनुगमनमा भेटियो मिति गुज्रेका सामान

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/ मकवानपुरको भीमफेदी र इन्द्रसरोवर गाउँपालिकामा गरिएको संयुक्त अनुगमनका क्रममा अधिकांश होटल तथा केही किराना पसलमा खाद्य स्वच्छता र सरसफाइको अवस्था अत्यन्त कमजोर पाइएको छ ।



कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत खाद्यप्रविधि तथा गुणनियन्त्रण विभागसहित पाँचवटा कार्यालयको संयुक्त टोलीले शुक्रबार) गरेको अनुगमनमा उपभोग्य मिति गुज्रेको खाद्यसामग्री, अखाद्य तेलको प्रयोग, लेबलविहीन वस्तु बिनादर्ताका पसल तथा सरसफाइमा गम्भीर लापरबाही भेटिएको हो । लामो दूरीको यात्रा गर्ने यात्रुले बाटोमा रहेका होटल तथा रेष्टुरेन्टमा खाजा तथा खाना खाने गरेपनि त्यहाँ प्रयोग हुने खाद्यसामग्रीको गुणस्तर र भान्साको सरसफाइबारे धेरैले चासो नदिने गरेका छन् । अनुगमनले यात्रु तथा उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने खालका कमजोरी देखिएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका कृषि विकास महाशाखा प्रमुख झरना पन्थीकाअनुसार मन्त्रालयले वार्षिक कार्यक्रमअन्तर्गत् अनुगमनअघि खाद्यस्वच्छता तथा खाद्यसुरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको थियो । 'सचेतना कार्यक्रमपछि केही व्यवसायीले सुधार गरेका छन् तर, अधिकांश स्थानमा अझै पनि व्यवस्थापन र सरसफाइको अवस्था सन्तोषजनक छैन,' उनले बताए । उपभोक्ता हित संरक्षण मञ्चका वासु खतिवडाकाअनुसार अनुगमनका क्रममा होटलमा म्याद नाघेका खाद्यसामग्री, सरसफाइको कमी, स्वास्थ्यका लागि हानिकारक अखाद्य तेलको प्रयोग तथा लेबल नभएका वस्तु फेलापरेका छन् । यस्ता सामग्री संयुक्त टोलीको रोहबरमा नष्ट गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका सन्तोष सुवेदीले पहिलोचरणको अनुगमन भएकाले अधिकांश व्यवसायीलाई चेतावनी दिइएको बताए । 'यसपटक सचेत गराइएको छ तर, आगामी दिनमा पनि सुधार नभए कानुनी कारबाहीसहित कडा कदम चालिनेछ,' उनले भने । अनुगमनका क्रममा १२ वटा पसल तथा होटलको निरीक्षण गरिएको थियो । त्यसमध्ये इन्द्रसरोवर गाउँपालिका-२ स्थित कुलेखानी भिलेज भान्सालाई खाद्यस्वच्छता मापदण्ड उल्लंघन गरेको भन्दै २५ हजार रुपैयाँ जरिवाना उद्योग वाणिज्य कार्यालय अन्तर्गत बुझाउन चिठी काटिएको छ भने अन्य केही व्यवसायीलाई पनि सुधारका र दर्ता नभएका व्यवसायीले एक हप्ताभित्र कार्यालयमा कागजात पेश गर्न निर्देशन दिइएको छ ।

मन्त्रालयका खाद्यनिरीक्षक एवम् कार्यक्रम संयोजक विजय महतकाअनुसार स्थानीय तहमा व्यवसाय दर्ता, नवीकरण तथा मूल्यसूची व्यवस्थापनको अवस्था कमजोर पाइएको छ । 'कतिपय व्यवसाय दर्ता भएका छन् तर, नवीकरण गरिएको छैन । धेरै व्यवसाय भने कुनैपनि निकायमा दर्ता नगरी सञ्चालन भइरहेको अवस्था भेटिएको छ,' उनले भने । स्थानीय तहले नियमित अनुगमन तथा नियमनको जिम्मेवारी प्रभावकारीरुपमा निर्वाह गर्न नसकेको उनको भनाइ छ ।

व्यवसायीले भने स्थानीय तहबाट खाद्यस्वच्छता तथा व्यवसाय सञ्चालनसम्बन्धी पर्याप्त सचेतना र अनुगमन नभएको गुनासो गरेका छन् । फोहोर व्यवस्थापनको प्रभावकारी व्यवस्था नहुँदा केही व्यवसायी तथा स्थानीयले फोहोर खोलामा बगाउने तथा प्लास्टिकजन्य सामग्री खुलारुपमा जलाउने गरेको पाइएको छ । यसले वातावरणीय प्रदूषणसँगै मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने सरोकारवालाको भनाइ छ । स्थानीयकाअनुसार गाउँपालिकाबाट नियमितरुपमा फोहोर संकलन नहुने भएकाले बाध्य भएर यस्ता अभ्यास अपनाउनु परेको हो ।

सरोकारवाला निकायले भने फोहोर व्यवस्थापन, खाद्यस्वच्छता र व्यवसाय दर्ता प्रक्रियालाई प्रभावकारी बनाउन स्थानीय तह, व्यवसायी र उपभोक्ता सबैको साझा जिम्मेवारी आवश्यक रहेको बताएका छन् ।

अनुगमन टोलीले आगामी दिनमा यस्ता गतिविधिलाई निरन्तरता दिँदै खाद्यसुरक्षाको मापदण्ड पालना गराउन थप कडाइ गर्ने जनाएको छ । उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय भएकाले होटल, रेष्टुरेन्ट तथा किराना व्यवसायीलाई कानुनअनुसार सञ्चालन गर्न र खाद्यस्वच्छतामा विशेष ध्यान दिन आग्रह गरिएको छ ।

बागमती सरकार र भरतपुर महानगरबीच

# गौतमबुद्ध क्रिकेट रंगशालाको आम्दानी बाँडफाँट सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/बागमती प्रदेश सरकार र भरतपुर महानगर पालिकाबीच चितवनको भरतपुरमा निर्माण भइरहेको राष्ट्रिय गौरवको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको आम्दानी बाँडफाँट गर्ने सम्झौता भएको छ ।

प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि विनियोजित ९ करोड बजेट निकासा गर्न सम्झौता अनिवार्य हुनुपर्ने भएपछि महानगर पालिकाले प्रदेशसँग भविष्यमा रंगशाला सञ्चालनबाट प्राप्त हुने आम्दानी बाँडफाँट गर्ने सम्झौता गरेको हो । केही दिनअघि भएको सम्झौतामा सरकारलाई तिनुपर्ने कर कटाएर बाँकी आम्दानीको ६० प्रतिशत रकम भरतपुर महानगर पालिकाले र ४० प्रतिशत बागमती प्रदेश सरकारले लिने उल्लेख छ ।

बागमती प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा भरतपुरमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालालाई सहलगानीमा निर्माण गरी प्रतिफलको बाँडफाँट गरिने उल्लेख भएको र प्रदेश सरकारले सम्झौताविना रकम दिन अस्वीकार गरेकोले महानगर पालिकाले सम्झौता गरेको हो । भरतपुर महानगरपालिका सिनियर डिभिजनल इन्जिनियर सन्तोष आचार्यले प्रदेश सरकारसँग सम्झौता पछि ९ करोड रकम निकासा भएको जानकारी दिए । उनले प्रदेशबाट प्राप्त रकमलाई रंगशाला निर्माण गरिरहेको ठेकेदार कम्पनी हिमायन कालिञ्चोक बीबीआर जेभीले पेस गरेको बिलका आधारमा भुक्तानीका लागि पठाइएको बताए ।

ठेकेदारले दुईवटा बिलको झण्डै १० करोड रकम भुक्तानी नपाएको भन्दै काम रोकेको थियो । निर्माण कम्पनीका प्रोजेक्ट म्यानेजर प्रवीन क्षेत्रीले रंगशालामा सामान्य काम भने भइरहेको बताए । भरतपुर महानगरका सिनियर डिभिजन इन्जिनियर आचार्यले टावर १ को ट्रस, टावर २ को पिलर उठाउने काम सुरु भएको बताए । उनका अनुसार भित्री भागमा प्लास्टरको काम पनि जारी छ । रकम अभाव भएको भन्दै ठेकेदार कम्पनीले धेरैजसो कामदारलाई बिदा दिएपछि अहिले निकै कम जनशक्ति मात्रै लिएर रंगशालाको काम गरिरहेको छ ।

अघिल्लो आर्थिक २०८१/८२ मा सोही ठेकेदारले समयमा नै काम नगरेका कारण साढे १० करोड रकम फ्रिज भएको थियो । गतवर्ष संघीय सरकारबाट विनियोजन गरिएको रकममध्ये ७ करोड ३४ लाख ३० हजार १६५ र बागमती प्रदेश सरकारबाट विनियोजन गरिएको ३ करोड २० लाख रकम फ्रिज भएको हो । ठेकेदार कम्पनीले निर्माण सामग्रीको अभाव तथा अन्य विभिन्न बाहाना गर्दै काममा ढिलासुस्ती गर्दै आएकोले समयमा नै काम नसकिने देखिएको छ । बर्खा लाग्न सुरु भएका कारण काम झनै ढिला हुने देखिन्छ । २०८१ असार २३ गते ठेक्का सम्झौता भएर काम थालिएको क्रिकेट रंगशाला निर्माणको म्याद २०८३ पुस २२ गतेसम्म छ ।

सुरुमा धुर्मुस-सुन्तली फाउन्डेसनले नेतृत्व लिएर बनाउन थालेको रंगशाला निर्माणको काम बजेट अभाव भएपछि बीचमै रोकिएको थियो । फाउन्डेसनले बनाउन सुरु गरेको रंगशाला बजेट अभाव भएको भन्दै २०७८ साउन २२ गतेबाट झण्डै २ वर्ष रोकिएको थियो ।

महानगरले स्वामित्व लिएर संघीय, प्रदेश तथा महानगर आफैंले समेत लगानी गर्ने गरी २०८१ साउनबाट रंगशालाको काम ठेक्कामार्फत् अगाडि बढेको हो । ७८ करोड रुपैयाँमा बनाइसक्ने गर्ने गरी ठेक्का लगाएर पहिलोचरणको काम थालिएको रंगशालामा पहिलोचरणमा १० हजार दर्शक अट्ने प्यारापिट तयार हुनेछ । यसअघि, धुर्मस सुन्तली फाउन्डेसनले ३ हजार जना अट्ने गरी प्यारापिट तयार गरिसकेको छ ।

# हेटौंडा-४ मा विशेषज्ञसहित स्वास्थ्य शिविर हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/हेटौंडा उपमहानगरपालिका-४ मा जेठ ३० गते बृहत् नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन हुने भएको छ । बिहान ८ बजेदेखि बेलुका ४ बजेसम्म हेटौंडा-४ स्थित क्वीक ट्वान्टी पार्टी प्यालेसमा शिविर आयोजना गरिने भएको हो ।



हेटौंडा-४ नम्बर वडा कार्यालयको आयोजना तथा नेपाल हृदयरोग निवारण प्रतिष्ठानको सहआयोजनामा सञ्चालन हुने शिविरमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले विशेष सहयोग गर्नेछ । टोल विकास संस्था नगर समन्वय समिति, हेटौंडाले शिविरको व्यवस्थापन गर्ने जनाएको छ । वडाअध्यक्ष नवीन सिग्देलका अनुसार वडा कार्यालय र नेपाल हृदयरोग निवारण प्रतिष्ठानको सहकार्यमा यस प्रकारको बृहत् स्वास्थ्य शिविर तेस्रो पटक आयोजना हुन लागेको हो ।

शिविरमा मुटुरोग, क्षयरोग तथा स्त्रीरोग सम्बन्धी विशेषज्ञ सेवा प्रदान गरिनेछ । साथै भिडियो एक्स-रे, ईसीजी, ईको सेवा नि:शुल्क उपलब्ध गराइनेछ । सुगर तथा लिपिड प्रोफाइल परीक्षण, छातीको एक्स-रे र पीएफटी (दम परीक्षण) नि:शुल्क गरिने जनाइएको छ । महिलाका लागि पाठेघर तथा पाठेघरको मुखको क्यान्सर परीक्षणको व्यवस्था गरिएको छ । यसका अतिरिक्त जनरल फिजिसियन सेवा तथा आवश्यक परेमा सात दिनसम्मका लागि औषधि पनि नि:शुल्क उपलब्ध गराइनेछ ।

वडाअध्यक्ष सिग्देलले स्वास्थ्य शिविरबाट प्रदान गरिने नि:शुल्क सेवाको अधिकतम उपयोग गर्न सर्वसाधारणलाई आग्रह गरेका छन् । उनकाअनुसार शिविरको मुख्य उद्देश्य स्वास्थ्य उपचारमा सबै नागरिकको पहुँच विस्तार गर्नुका साथै स्वस्थनगर निर्माण अभियानलाई प्रभावकारी बनाउनु रहेको छ ।

# मातृभूमि साहित्य समाजद्वारा चार स्रष्टा सम्मानित हुने

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/ मातृभूमि साहित्य समाज, हेटौंडाले यसवर्ष प्रदान गरिने विभिन्न साहित्यिक सम्मानका लागि चारजना स्रष्टालाई चयन गरेको छ ।

समाजको कार्यसमिति बैठकले गरेको निर्णयअनुसार आगामी जेठ ३० गते हेटौंडामा आयोजना हुने विशेष कार्यक्रममा सम्मान तथा पुरस्कार वितरण गरिनेछ । हेटौंडा उपमहानगरपालिका-१० को सहकार्यमा आयोजना हुने कार्यक्रममा 'शिक्षालयमा सांस्कृतिक सन्देश' विषयक परिचर्चा, निबन्धको सैद्धान्तिक पक्ष तथा निबन्ध कृतिमाथि विमर्श, स्रष्टा सम्मान तथा रचनावाचन गरिने समाजले जनाएको छ । समाजका अनुसार ईश्वरी स्मृति मातृभूमि सम्मान-२०८२ साहित्यकार शशी पन्थीलाई प्रदान गरिनेछ । यो सम्मानको राशि १५ हजार रुपैयाँ रहेको छ ।

त्यसैगरी मञ्जु सुवेदी स्मृति मातृभूमि सम्मान-२०८२ साहित्यकार गिरिराज आचार्यलाई प्रदान गरिने निर्णय गरिएको छ । यस सम्मानको राशि पनि १५ हजार रुपैयाँ रहेको छ । यस्तै शेखर शर्मा रिजाल स्मृति मातृभूमि सम्मान-२०८२ अन्तर्गत कलासाधक माधव सिलवाललाई १५ हजार रुपैयाँसहित सम्मान गरिनेछ । सोही सम्मानअन्तर्गत गजलकार स्वस्तिका दाहाल र मुक्तककार सुमि थिङलाई जनही ७ हजार ५ सय रुपैयाँसहित सम्मान प्रदान गरिने समाजले जनाएको छ ।


मातृभूमि साहित्य समाजका सचिव किशन पौडेलका अनुसार साहित्य, कला तथा सामाजिक क्षेत्रमा योगदान पुऱ्याउँदै आएका स्रष्टाको सम्मान र सिर्जनात्मक गतिविधिलाई प्रोत्साहन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको हो । कार्यक्रममा साहित्यकार, कलाकार, बुद्धिजीवी, सञ्चारकर्मी तथा साहित्यप्रेमीको उल्लेखनीय सहभागिता रहने अपेक्षा गरिएको छ ।

भूटनदेवी माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर
कक्षा ११ मा नयाँ भर्ना
खुल्यो ! खुल्यो ! खुल्यो !
"इतिहासमा गौरव बोकेको, गुणस्तरीय शिक्षाको विश्वासिलो नाम भूटनदेवी माध्यमिक विद्यालयमा कक्षा ११ को नयाँ भर्ना खुलिसकेको छ ।"
अब आफ्नो उज्ज्वल भविष्यको सुरुवात गर्नुहोस् अनुभवी शिक्षक, आधुनिक शिक्षण प्रणाली र अनुशासित शैक्षिक वातावरणसहित ।
- विज्ञान विषय (Science)
- व्यवस्थापन विषय (Management / Commerce)
- होटल म्यानेजमेन्ट विषय (Hotel Management)
- सिभिल इन्जिनियरिङ विषय (Civil Engineering)
- शिक्षा विषय र कम्प्युटर विषयमा भर्ना खुलेको सहर्ष जानकारी गराउदछौं ।

शैक्षिक उत्कृष्टताको लामो इतिहास बोकेको हाम्रो विद्यालय अहिले ISO Certification प्रक्रियामा अगसर हुँदै अरू गुणस्तरीय र अन्तर्राष्ट्रिय स्तरको शिक्षातर्फ उन्मुख छ ।
"आजको सही निर्णय, भोलिको सफल भविष्य ।"
- तपाईंको सपना र सफलताको यात्रामा

हाम्रा विशेषताहरु :
- दक्ष तथा अनुभवी शिक्षक
- व्यवस्थित कक्षा कोठा
- आधुनिक प्रयोगशाला
- प्रविधिमैत्री शिक्षण
- उत्कृष्ट नतिजा
- GPA अनुसार पूर्ण छात्रवृत्तिको व्यवस्था भएको
- पर्याप्त खेल मैदान

भूटनदेवी माध्यमिक विद्यालय - सधैं एक कदम अगाडि ।
आजै आफ्नो सिट सुरक्षित गर्नुहोस् ।
थप जानकारी तथा भर्नाका लागि विद्यालय प्रशासनमा सम्पर्क गर्नुहोस् ।
सम्पर्क नं. ०५७-५२०४२०
९८५५०७०५३५, ९८४५५५९५०८
भूटनदेवी माध्यमिक विद्यालय- शिक्षा, अनुशासन र सफलताको पहिचान ।

आकर्षक घडेरी बिक्रीमा
हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि


सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

"सफा ट्यांकी, स्वस्थ जिन्दगी"
तपाईको पानी ट्यांकी कतिको सुरक्षित छ ?
कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?
याद गर्नुहोस् है
हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुषित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।
- डायरिया
- कालो झाडा
- टाइफाइड
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,
साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।

अब तपाईको घरदैलोमा सस्तो र भरपर्दा सफाई सेवा लिएर आएका छौं, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।
छत/भूमिगत पानी ट्यांकी सफाई सेवा
थप जानकारीको लागि
इनर्जेटिक सर्भिसिज प्रा.लि.
९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना